नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

४- २२३५८०
२६२६९६
२६९७३६
२६२८०२
२६२९८७
२६२४६८
२६२५४३

पत्र संख्या:- ०७५/०७६
चलानी नं.-

रामशाहपथ
काठमाण्डौ, नेपाल

**विषय : प्रेस विज्ञप्ती ।**

काठमाडौ, चैत १८ गते तराइमा आइतबार आएको विनाशकारी हावाहुरीबाट मृत्यु हुनेको संख्या २७ पुगेको छ भने १ हजार ४४ जना घाइतेहरुले आकस्मिक सेवा पाएका छन् ।
सो हावाहुरीमा परी घाइते भएका ३२३ जनाको भने उपचार भइरहेको छ । घाइतेहरुको नारायणी उप क्षेत्रीय अस्पताल बीरगञ्ज, नेशनल मेडिकल कलेज, कलैया अस्पताल, तराइ अस्पताल बीरगञ्ज, गण्डकी अस्पताल तथा बीरगञ्ज हेल्थ केयरमा उपचार भइरहेको छ ।
हावाहुरीमा परी गम्भीर घाइते भएका ७ जनालाइ त्रिवि शिक्षण अस्पतालमा ल्याइ उपचार भइरहेको र सोमध्ये २ जना गम्भीर घाइले अवस्थामा रहेका छन ।

सो घट्नामा परेकाको उपचार तथा उद्धारका लागि नेपाली सेनाको एक टोली, नेपाल प्रहरीबाट २ टोली, चितवन मेडिकल कलेजको एक टोली जनकपुर क्षेत्रीय अस्पताल तथा हेटौडा अस्पतालका चिकित्सकको टोली खटाइ घट्नास्थलमा सेवा गरिहेका छन ।

घट्नामा परेकाहरुको उद्धार तथा उपचारमा कुनै किसिमको कमी आउन नदिन उपप्रधान एवम् स्वास्थ्य तथा जनसख्यामन्त्री उपेन्द्र यादवले निर्देशन दिनुका साथै आजै सो क्षेत्रको निरीक्षणमा घट्नास्थल पुग्नुभएको छ ।

यसैबीच, आज बिहान नै स्वास्थ्य मन्त्रालयमा स्वास्थ्य राज्यमन्त्री डा. सुरेन्द्रकुमार यादवको नेतृत्वमा मन्त्रालयको उच्च पदस्थ अधिकारीहरको बैठक बसी उपचार तथा उद्धारका कामलाइ प्रभावकारी बनाउने निर्णय गरेको छ ।

यसका साथै आकष्मिक रुपमा आइपर्नसक्ने घट्नालाई ध्यानमा राखी आबश्यक तयारी रहन उपत्यकाका बीर अस्पताल, शिक्षण अस्पताल, पाटन स्वास्थ्य बिज्ञान प्रतिष्ठान, सैनिक अस्पतालालाइ तयारी रहन र ती अस्पताललाई आफू मातहतका स्वास्थ्य संस्थालाइ तयारी राख्न निर्देशन दिएको छ ।

यसैगरी, आजै स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री डा. सुरेन्द्रकुमार यादव त्यसतर्फ प्रस्थान गर्नुभएको छ भने मन्त्रालयबाट सचिव चन्द्रकुमार घिमिरे, स्वास्थ्य सेवा बिभागका महानिर्देशक डा.गुणराज लोहनी निरीक्षणका लागि घट्नास्थलमा प्रस्थान गर्नुभएको छ । यसैगरी, मन्त्रालयबाट डा. रमेश खरेल र डा. दिपेन्द्ररमण सिंहको नेतृत्वमा दुइवटा टोली घट्नास्थलतर्फ लागेको छ ।
यसैबीच, त्रिभुवान अन्तर्राष्टिय बिमानस्थलमा एम्बुलेन्स सेवा पनि तयारी अवस्थामा राखिएको छ ।

०७५/१२/१८
8:30 pm

Ministry of Health and Population